# कविलासी नगरपालिका

## कविलासी, सर्लाही

### नगर कार्यपालिकाको बैठक पुस्तिका

आज मिति २०७९ साल भदौ ०८ गते बुधबार [illegible] ३० बजे कविलासी नगरपालिका, नगर कार्यपालिकाका प्रमुख श्री ब्रह्मदेव रायज्यूको अध्यक्षतामा [illegible] उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

| सि.नं. | पद | पदाधिकारीको नाम, थर | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री ब्रह्मदेव राय | नगर कार्यपालिका | |
| २ | उपप्रमुख | श्री पुनम कर्ण | नगर कार्यपालिका | Pkarna |
| ३ | वडा अध्यक्ष | श्री दिपलाल राय यादव | वडा नं. १ | |
| ४ | वडा अध्यक्ष | श्री राम पुकार मण्डल | वडा नं. २ | |
| ५ | वडा अध्यक्ष | श्री राम बिश्वास राय | वडा नं. ३ | |
| ६ | वडा अध्यक्ष | श्री गिरधारी राय | वडा नं. ४ | |
| ७ | वडा अध्यक्ष | श्री सुरेन्द्र राय | वडा नं. ५ | |
| ८ | वडा अध्यक्ष | श्री पुरुषोत्तम राय | वडा नं. ६ | |
| ९ | वडा अध्यक्ष | श्री धरबेन्द्र राय यादव | वडा नं. ७ | |
| १० | वडा अध्यक्ष | श्री बिरेन्द्र प्रसाद साह | वडा नं. ८ | |
| ११ | वडा अध्यक्ष | श्री राम दिनेश राय | वडा नं. ९ | |
| १२ | वडा अध्यक्ष | श्री संजय महतो | वडा नं. १० | |
| १३ | का.पा सदस्य | श्री पानवती देवी मुखिया | नगर कार्यपालिका | |
| १४ | का.पा सदस्य | श्री रिना कुमारी | नगर कार्यपालिका | रिना कुमारी |
| १५ | का.पा सदस्य | श्री शोभा कुमारी | नगर कार्यपालिका | शोभा |
| १६ | का.पा सदस्य | श्री निलम देवी | नगर कार्यपालिका | निलम |
| १७ | का.पा सदस्य | श्री ईकु कुमारी | नगर कार्यपालिका | |
| १८ | का.पा सदस्य | श्री राम एकवाल महतो | नगर कार्यपालिका | |
| १९ | का.पा सदस्य | श्री बिनय कुमार कर्ण | नगर कार्यपालिका | |
| २० | का.पा सदस्य | श्री राम नारायण राउत | नगर कार्यपालिका | |
| २१ | प्र.शाखा प्रमुख | श्री रामवचन राय | कविलासी न.पा. | |
| २२ | सूचना प्रबिधि अ. | श्री जयबिर यादव | कविलासी न.पा. | |
| २३ | प्र. प्र. अधिकृत | श्री उदय प्रसाद देवकोटा | कविलासी न.पा. | |

बैठक मिति: २०७९/०५/०८

## निर्णयका लागि पेश भएका प्रस्तावहरु

१. स्वास्थ्य शाखामा औपधी खरिद सम्बन्धमा ।
२. टेन्डर आवहान गरिने सम्बन्धमा ।
३. नगर शिक्षा समितिका कार्यपालिका सदस्य छनौट सम्वन्धमा ।
४. नगरपालिका अन्तर्गतका विद्यालयहरुमा गुनासो सुनवाई पेटिका तथा गुनासो सुनवाई फोकल ब्यक्ति तोकिने सम्बन्धमा ।

निर्णय नं.१):

यस प्रस्ताव माथि छलफल गर्दा आ.व. २०७९/०८० को स्वास्थ्य शाखाको वार्षिक कार्यक्रम अनुसार औपधी उपकरण आपूर्ति सम्वन्धमा वजेट स्वीकृत भएका तथा हाल स्वास्थ्य संस्थामा औपधी अभाव रहेको वारे प्रतिवेदनवाट देखिन आएकोले स्वास्थ्य सेवाको लागि औपधी खरिद गर्नको लागि टेन्डर प्रक्रियावाट आपूर्ति प्रक्रिया लम्विने र बिरामीको उपचार कार्यमा असर पर्न गई मौलिक नैसर्गिक अधिकारवाट नागरिक वन्चित हुने अवस्था तत्काल देखिएकाले त्यसको मध्यनगर गरी रकम रु. १०,००,०००/- (अक्षेरेपी दस लाख मात्र) सार्वजनिक खरिद ऐन २०६३ को दफा ४१ र सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) दफा ८५ को उपदफा ४ वमोजिम औपधि तथा औषधिजन्य सामग्री तत्काल खरिद प्रकिया वढाई स्वास्थ्य संस्थाहरुमा औपधीको आपूर्ति गर्ने गराउने ब्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं.२):

यस प्रस्ताव माथि छलफल गर्दा आ.व. २०७९/०८० को लागि नगर सभावाट स्वीकृत वजेट तपसिल वमोजिमको सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ वमोजिम टेन्डर आव्हवन गर्ने कार्यपालिका वैठकवाट निर्णय गरियो

तपसिल

| क्र.स. | आयोजनाको नाम | बजेट स्रोत/शिर्षक | स्वीकृत बजेट (रु. हजारमा) | कैफियत |
|---|---|---|---|---|
| १ | वडा नं. ०८ को वडा कार्यालयको पछाडी पट्टिको नगरपालिकाको प्रशासनिक भवन निर्माण | अनुसूची १३ प्रशासनिक भवन पूर्वाधार निर्माण र सातौ नगर सभाको तेस्रो वैठकको निरणय नं. १ | १९९००० | |

बैठक मितिः २०७९/०५/०८

| | | | | |
|---|---|---|---|---|
| २ | श्री म.ज.बि.मा.वि.मदनपुरमा भवन निर्माण | २६३७ विशेष अनुदान (पुँजीगत) | लागत अनुमान अनुसार गर्ने | |
| ३ | श्री गैर मा.वि. गैरमा भवन निर्माण | २६३७ विशेष अनुदान (पुँजीगत) | लागत अनुमान अनुसार गर्ने | |

निर्णय नं.३):

यस प्रस्ताव माथि छलफल गर्दा हाल निर्वाचित कार्यपालिका सदस्यहरु मध्येबाट नगर शिक्षा समितिमा कविलासी नगरपालिकाको शिक्षा ऐन, २०७६ परिच्छेद ३ को दफा ९ को (ग) मा कार्यपालिका सदस्य मध्येवाट १ जना सदस्य मनोनित गर्ने ब्यवस्था भएकाले सो सदस्यका लागि श्री राम दिनेश रायलाई मनोनित गर्ने कार्यपालिका वैठकबाट निर्णय गरियो ।

निर्णय नं.४):

यस प्रस्ताव माथि छलफल गर्दा यस कविलासी नगरपालिका अन्तर्गत रहेका विद्यालयहरुमा बालिका तथा अन्य हिंसा हुने गरेकाले सोको लागि प्रत्येक विद्यालयहरुमा गुनासो पेटिकाको ब्यवस्थापन गर्ने तथा गुनासो सुन्ने फोकल ब्यक्ति तोकिने ब्यवस्था श्रीमान् नगर प्रमुख/उपप्रमुख ज्यूको अध्यक्षतामा गरि गुनासो सुनवाई समिति गठन गर्ने गरिने निर्णय गरियो ।

नगर प्रमुख

उदय प्रसाद देवकोटा
प्रमुख प्रशासकिय अधिकृत